५५ औं कार्यपालिका बैठक

आज मिति २०८२ साल पुष २१ गते सोमवार बडिगाड गाउँपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको ५५ औं कार्यपालिका बैठक तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क.सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | | श्री विर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | | श्री कृष्ण बहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रविना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | | श्री कृष्ण प्रसाद ज्ञवाली | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | | |
| १. | चण्डीराज पौडेल | प्रशासकीय अधिकृत | | |
| २. | दिपेन्द्र स्यापकोय | प्रशासकीय अधिकृत | दिपेन्द्र स्यापकोटी | |
| ३. | लक्ष्मण कँडेल | सि. लेखा अधिकृत | | |

२०८२।०९।२१ सोमवार

प्रस्ताव तथा निर्णयहरु

१. समीक्षा।

बडिगाड गाउँपालिका गाउँपालिका गाउँ कार्यपालिकाले यस अघि गरेका बैठकको निर्णयको समीक्षा गरियो। बडिगाड गाउँपालिकाको गाउँसभाको तयारी, बजेट कार्यान्वयनको अवस्था, Gen-Z आन्दोलनको मर्मलाई आत्मसाथ गर्न पालिकाले खेल्नुपर्ने भुमिका, सेवा प्रवाहका क्रममा सिर्जित चुनौती तथा सवालहरुको सिर्जनशील सम्बोधनका विषयमा छलफल गरियो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको र सन्तोषजनक नतिजा प्राप्तिको अवस्था रहेको पाइयो।

२. १८ औं गाउँसभा।

बडिगाड गाउँपालिकाको अठारौं गाउँसभा मिति २०८२ पुष २२ गते दिउँसो १२:१५ बजे सञ्चालन गर्ने निर्णय गरियो।

३. बजेट तथा कार्यक्रम माथि संशोधन।

आ.ब. २०८२/०८३ मा गाउँसभाको १८ औं अधिवेशनमा संलग्न बमोजिमका योजना कार्यक्रमहरु संशोधनका लागि पेश गर्ने निर्णय गरियो।

४. भूउपयोग सम्बन्धी संशोधन।

बडिगाड गाउँपालिकाको भूउपयोग नक्सा एवं कित्तागत विवरणमा फरक परेका कित्ताहरुको एकीन गरी अद्यावधिक कित्तागत विवरण गाउँसभामा पेश गर्ने निर्णय गरियो।

५. आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२।

बडिगाड गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ लाई छलफल गरी गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

६. कार्यविधिहरु छलफल तथा पारित।

बडिगाड गाउँपालिकाको तपशिल बमोजिमका कार्यविधिहरु छलफल गरी पारित गर्ने निर्णय गरियो।

१. बेरुजु फछ्यौंट कार्यविधि, २०८२
२. लेखा समिति गठन तथा सञ्चालन कार्यविधि-२०८२
३. गाउँसभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि-२०८२